# कक्षा ८ का विद्यार्थीमा उपचारात्मक शिक्षण पश्चात सिकाइमा आएको सुधार सम्बन्धी कार्यमूलक अनुसन्धान-२०८२


शिक्षक : नबराज पाण्डेय

माध्यमिक तह, द्वितीय श्रेणी

सिटरोल नं. : १४४४२८

श्री राष्ट्रिय माध्यमिक विद्यालय

पुनर्वास–११ अमरबस्ती, कञ्चनपुर

**१. समाधान गर्नुपर्ने समस्याको पहिचान**

यस श्री राष्ट्रिय माध्यमिक विद्यालय पुनर्वास-११, अमरबस्ती, कञ्चनपुर स्थित कक्षा ८ मा अध्ययनरत सिकाइमा कमजोर विद्यार्थीको तथ्याङ्क सङ्कलन गरी उपचारात्मक शिक्षण गर्दा कसो होला ?

**२. पृष्ठभूमि**

श्री राष्ट्रिय माध्यमिक विद्यालय पुनर्वास-११, अमरबस्ती, कञ्चनपुरमा शैक्षिकसत्र २०८२ मा कक्षा ८ मा ६८ जना विद्यार्थीहरू अध्ययनरत छन् । तीमध्ये केही विद्यार्थीहरू अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसक्ने समस्याबाट ग्रसित छन् । विशेषगरी आधारभूत अवधारणामा कमजोरी भएका विद्यार्थीहरू नियमित कक्षाको सिकाइमा पछि पर्नुको परिणाम यो अवस्था आइपरेको हो । यस्तो अवस्थामा उपचारात्मक शिक्षण (Remedial Teaching) प्रभावकारी उपायका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने पृष्ठभूमिमा यो अनुसन्धान गरिएको छ । यस अनुसन्धानमा कक्षा ८ का २० जना विद्यार्थीलाई उपचारात्मक शिक्षण प्रदान गरी उनीहरूको सिकाइ उपलब्धिमा आएको सुधार अध्ययन गरिएको छ । यो अनुसन्धान योजना, कार्य, अवलोकन र प्रतिविम्बन (Plan–Act–Observe–Reflect) को चक्रमा आधारित छ ।

**३. समस्याको प्रमाणीकरण**

कक्षा ८ का विद्यार्थीहरूलाई बैशाख र जेठ महिनामा पूर्ण पठनपाठन सञ्चालन गरी सिकाइमा कमजोर विद्यार्थीको तथ्याङ्क शिक्षकबाट सङ्कलन गर्ने कार्य प्रारम्भ गरियो । सिकाइमा कमजोर विद्यार्थीको पहिचान गर्न मौखिक प्रश्नोत्तर, अवलोकन, पठनबोध, परीक्षाको नतिजा, स्थान निर्धारण मूल्याङ्कनको नतिजा, स-स्वर बाचन, श्रुति लेखन जस्ता मूल्याङ्कनका विधि अपनाइएको थियो । विशेषगरी नेपाली, गणित र अङ्ग्रेजी विषयमा आधारभूत ज्ञान कमजोर भएकाले विद्यार्थीहरू प्रतिक्रिया दिन कठिनाइ अनुभव गरिरहेका थिए । त्यसैले उपचारात्मक शिक्षणमार्फत सिकाइ सुधार गर्न आवश्यक देखिएको महसुस भएकोले यो समस्यालाई प्रमाणका रूपमा प्रस्तुत गरिएको छ ।

**४. समस्याको सम्भाव्य कारण**

श्री राष्ट्रिय माध्यमिक विद्यालय पुनर्वास-११, अमरबस्ती, कञ्चनपुरमा शैक्षिकसत्र २०८२ मा कक्षा ८ मा अध्ययनरत केही विद्यार्थीहरू सिकाइमा कमजोर हुनाको कारण निम्नानुसार रहेको छ :

(१) आधारभूत तह (कक्षा १-३) देखि नै आधारभूत सिकाइ सक्षमता हासिल नहुनु

(२) शिक्षकहरूले सिकाइ सहजीकरण बालमैत्री रूपमा नगर्नु

(३) विद्यार्थीहरू विद्यालयमा कम उपस्थित हुनु

(४) अभिभावकले आफ्ना नानीबाबुको सिकाइ वातावरणमा ध्यान नदिनु

(५) अतिरिक्त समयमा विद्यार्थीलाई सिकाइको लागि शिक्षकले प्रयास नगर्नु

(६) प्रधानाध्यापकबाट नियमित कक्षा अवलोकन र शिक्षकलाई पृष्ठपोषण नदिनु

(७) शिक्षक र विद्यार्थी दुवैलाई पुरस्कार र दण्डको व्यवस्था नहुनु

(८) शिक्षकले सिकाइमा कमजोर विद्यार्थीको पहिचान नगरी सिकाइ सहजीकरण गर्नु

**५. मुख्य कारणको छनौट**

यस सामुदायिक विद्यालयमा शिक्षकले कक्षा ८ मा अध्ययन गर्ने सिकाइमा कमजोर विद्यार्थीको पहिचान नगरी सिकाइ सहजीकरण गर्नुलाई यहाँ मुख्य कारणको रूपमा छनौट गरिएको छ।

**६. हस्तक्षेपकारी प्रयत्न**

यस विद्यालयको कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीको उपचारात्मक शिक्षण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको हस्तक्षेपकारी प्रयत्न गरिएको थियो -

(क) गृहकार्य र परियोजना कार्यमा विद्यार्थीलाई सक्रिय गराउने

(ख) मौखिक र लिखित प्रश्न गर्ने

(ग) कक्षा अवलोकन गर्ने

(घ) निदानात्मक परीक्षण गरिएको

(ङ) अभिभावकको प्रतिक्रिया लिने

(च) उपचारात्मक कक्षा सञ्चालन गर्ने

**७. एउटा प्रयत्नको छनौट :**

यस अनुसन्धानमा विद्यार्थीको अवलोकन, निदानात्मक परीक्षण, अभिभावकको प्रतिक्रिया, प्रश्नोत्तर सञ्चालन गरिएको कार्यबाट सिकाइमा कमजोर विद्यार्थीको पहिचान गर्न सहज भएको थियो। उल्लिखित ६ ओटा हस्तक्षेपकारी प्रयत्नमध्ये बुँदा नम्बर (च) उपचारात्मक कक्षा सञ्चालनको प्रयत्न सफल भयो र विद्यार्थीको सिकाइमा सुधार समेत भएको छ।

**८. समस्याका चरणहरू**

यस कार्यमूलक अनुसन्धानका क्रममा मैले विभिन्न खालका हस्तक्षेपकारी प्रयत्नहरू अपनाए। जुन प्रयत्न यसप्रकार थियो : उपचारात्मक कक्षा सञ्चालन गरि विद्यार्थीको सिकाइमा सुधार ल्याउने प्रयत्न गर्नु । जहाँ तपसिल बमोजिमका चरणहरू अपनाए –

**(क) योजना :** यो अनुसन्धानका लागि मैले सिकाइमा कमजोर रहेका विद्यार्थीको उपचारात्मक शिक्षण गर्न देहायअनुसारको समयसारिणी बनाइ लागू गर्ने योजना बनाएको थिएँ :-

कक्षा ८ का विद्यार्थीहरूको उपचारात्मक शिक्षणका लागि निर्माण गरिएको नेपाली पाठ्यक्रम सम्बन्धी

कार्ययोजना २०८२ दैनिक कक्षा : १ घण्टा ३० मिनेट जम्मा सत्र संख्या : १०

| क्र.सं. | मिति | विषय : नेपाली |
|---|---|---|
| १ | असार १ | स्वर वर्ण (अ–अः), व्यञ्जन वर्ण (क–ज्ञ), बाह्रखरी (क–ज्ञ) |
| २ | असार २ | आधा अक्षर भएका अक्षर र शब्द (जस्तै : क्रम, क्य, त्र आदि) |
| ३ | असार ३ | दुई, तीन र चार अक्षर भएका शब्दहरू लेखन र पठन (नाता जनाउने, रुखबिरुवा, शरीरका अङ्ग, बाजा, क–ज्ञ सम्म र अ–अः सम्म आउने शब्दहरू) |
| ४ | असार ४ | शब्दबाट वाक्य निर्माण |
| ५ | असार ५ | अनुलेखन (कुनै अनुच्छेद जस्ताको त्यस्तै सार्न लगाउने) |

| | | |
|---|---|---|
| ६ | असार ६ | अनुच्छेद पठन (प्रत्येक विद्यार्थीलाई अनुच्छेद पढ्न लगाउने) |
| ७ | असार ७ | श्रुतिलेखन (शिक्षकले पढेको अनुच्छेदलाई लेख्न लगाउने) |
| ८ | असार ८ | अनुच्छेदबाट उत्तर पत्ता लगाउने |
| ९ | असार ९ | सजिला शीर्षकमा निबन्ध लेखन (जस्तै : मेरो परिवार, मेरो विद्यालय, मेरो साथी आदि) |
| १० | असार १० | एक विद्यार्थीले लेखेको निबन्ध अर्को विद्यार्थीलाई पढ्न लगाउने |

कक्षा ८ का विद्यार्थीहरूको निदानात्मक मूल्याङ्कनका लागि निर्माण गरिएको अङ्ग्रेजी पाठ्यक्रम सम्बन्धी

कार्ययोजना २०८२ दैनिक कक्षा : १ घण्टा ३० मिनेट जम्मा सत्र संख्या : १०

| क्र.सं. | मिति | विषय : अङ्ग्रेजी |
|---|---|---|
| १ | असार ११ | सानो र ठूला A, B, C, D …… अक्षर चिनाउने |
| २ | असार १२ | अङ्ग्रेजीमा a, aa, i, ee तथा ka, kha आदि उच्चारण गराउने |
| ३ | असार १३ | अङ्ग्रेजीमा ka, kaa, ki, kee ….. १ सम्म लेखन तथा पठन अभ्यास |
| ४ | असार १४ | दुई वा सोभन्दा बढी शब्दका Letter हरू पहिचान गरी उच्चारण गर्न लगाउने |
| ५ | असार १५ | Vowel र Consonant को अवधारणा दिने |
| ६ | असार १६ | छोटा छोटा Sentence पढ्न र लेख्न लगाउने साथै Word बाट आफैँ वाक्य निर्माण गर्न लगाउने |
| ७ | असार १७ | छोटा छोटा Paragraph सही उच्चारण गरी पढ्न लगाउने र थप सहायता प्रदान गर्ने |
| ८ | असार १८ | Passage सार्न लगाउने र कुनै अर्को Passage को अनुलेखन गराउने |
| ९ | असार १९ | Passage पढी उत्तर दिन सिकाउने |
| १० | असार २० | कुनै सजिलो शीर्षकमा Essay Writing गर्न लगाउने |

**विद्यार्थीहरूको निदानात्मक मूल्याङ्कनका लागि निर्माण गरिएको गणित पाठ्यक्रम सम्बन्धी**

कार्ययोजना २०८२ दैनिक कक्षा : १ घण्टा ३० मिनेटजम्मा सत्र संख्या : १०

| क्र.सं. | मिति | विषय : गणित |
|---|---|---|
| १ | असार २१ | १, २, ३, ४ …… तथा 1, 2, 3, 4 ……… चिनाउने |
| २ | असार २२ | नेपाली अक्षरमा एक, दुई, तीन, चार ……… सयसम्म र तीन अङ्क वा सोभन्दा बढी सङ्ख्यालाई अक्षरमा लेख्न सिकाउने |
| ३ | असार २३ | One, Two …… Hundred सम्म लेखन तथा पठन |
| ४ | असार २४ | रोमन सङ्ख्या (१ देखि १००० सम्म) |
| ५ | असार २५ | टेबल (गुणा) १ देखि १० सम्म |
| ६ | असार २६ | टेबल (गुणा) ११ देखि २० सम्म |
| ७ | असार २७ | जोड, घटाउ, गुणन र भाग |
| ८ | असार २८ | स्थानमान तालिका (एक, दश, सय, हजार, दशहजार, लाख ………) |
| ९ | असार २९ | जोर, बिजोर, ऋण र संयुक्त सङ्ख्या, भन्दा ठूलो र भन्दा सानो सङ्ख्या |
| १० | असार ३० | भिन्न र दशमलवको सामान्य अवधारणा |

**(ख) कार्य** : यो कार्यमूलक अनुसन्धानमा मैले तीनजना शिक्षकलाई १०/१० दिनको कार्ययोजना कार्यान्वयन गर्न जिम्मेवारि दिएको थिएँ। नेपाली, अङ्ग्रेजी र गणित विषयलाई प्रति पिरियड एक घण्टा तीस मिनेटका दरले कक्षा ८ का सिकाइमा अति कमजोर विद्यार्थीका लागि उपचारात्मक शिक्षण सञ्चालन गरिएको थियो। जसको मैले बिच-बिचमा अनुगमन समेत गरेको थिएँ।

**(ग) अवलोकन :** उपचारात्मक शिक्षणको नियमित अवलोकन समेत गरिएको थियो। १८ जना विद्यार्थीहरू सहभागी भएको कक्षा बेलुकी ५:०० बजे देखि ६:३० बजेसम्म सञ्चालन हुने गरेको थियो। सिकाइमा कमजोर विद्यार्थीको यो शिक्षणमा सक्रिय सहभागिता रहेको थियो। साथै सुधार समेत हुँदै गइरहेको थियो।

**(घ) प्रतिविम्बन :** अनुसन्धानका क्रममा आएको परिणाम नै प्रतिविम्बन हो। यो अनुसन्धान सिकाइमा कमजोर विद्यार्थीमा केन्द्रित थियो। कक्षा ८ मा अध्ययन गर्ने १८ जना सिकाइमा कमजोर विद्यार्थीलाई छनौट गरी सहभागी गराइको थियो। जुन विद्यार्थीको सिकाइमा निकै सुधार आएको महसुस भयो। सहभागी विद्यार्थीमा रहेको हिनता बोध पनि हटेको पाइयो। ती विद्यार्थीहरू मनोवैज्ञानिक रूपमा बलिया देखिन्थे। अत: यो अनुसन्धानले यो पुष्टि गर्छ की अरु कक्षामा रहेका सिकाइमा कमजोर विद्यार्थीका लागि समेत उपचारात्मक शिक्षण आवश्यक रहेको छ।

## ९. निष्कर्ष

उपचारात्मक शिक्षणले कक्षा ८ का कमजोर विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार ल्याएको पाइयो। उपचारात्मक शिक्षणसँगै व्यक्तिगत सहयोग, पुनःशिक्षण, अतिरिक्त अभ्यास तथा समूहगत सिकाइ समेत भएको हुँदा सिकाइमा कमजोर विद्यार्थीका हकमा उपचारात्मक शिक्षण एक उत्तम विकल्पका रूपमा सञ्चालन गर्नु आजको आवश्यकता हो।

## १०. सुझाव

१. विद्यालयमा नियमित उपचारात्मक कक्षा सञ्चालन गर्नुपर्छ।
२. शैक्षिकसत्रको प्रारम्भमै कमजोर विद्यार्थीको पहिचान गर्नुपर्छ।
३. अभिभावकसँग समन्वय बढाउनुपर्छ।
४. विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्नुपर्छ।
५. सिकाइलाई दैनिक जीवनसँग जोड्नुपर्छ।
६. बेला बेला निदानात्मक मूल्याङ्कन गर्नुपर्छ।